# Training on Strategy Formulation and PAR Reduction Branch Manager Magh 26, 2076 Regional Office, Bharatpur




निर्धन उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेड क्षेत्रिय कार्यालय भरतपुरको आयोजनामा मिति २०७६ माघ २६ गते भरतपुरमा "Training on Strategy Formulation and PAR Reduction" सम्पन्न भयो ।

उक्त तालिममा केन्द्रीय कार्यालयबाट मुख्य व्यवस्थापकद्वय श्री रामबहादुर चौधरी र श्री गोकर्ण प्रसाद उपाध्याय, क्षेत्रिय कार्यालय काठमाण्डौका क्षेत्रीय प्रमुख श्री लक्ष्मीपती काफ्ले, क्षेत्रीय कार्यालय भरतपुरबाट कार्यक्रम अधिकृत श्री परमेश्वर चौधरी तथा भरतपुर क्षेत्रीय कार्यालय अन्तर्गतका ७ वटै शाखा कार्यालयका शाखा प्रमुखको सहभागिता रहेको थियो ।



*तालिममा कक्षा संचालन गर्दै मुख्य व्यवस्थापक श्री राम बहादुर चौधरी*

तालिममा भाखा नाघेको कर्जा व्यवस्थापनको Delivery Mechanism, शाखा, सदस्य वर्गीकरण, कर्मचारी मुल्याकंन पद्धति, केन्द्र संचालकको दैनिक कार्य विवरणको बारेमा कक्षा संचालन मुख्य व्यबस्थापक श्री राम बहादुर चौधरीले गर्नु भएको थियो । साथै डिजिटल पासबुक, Village Banking, एसएमएस, ट्याबलेट बैंकिङ्ग तथा बिषादीको प्रयोग गर्ने तरिका सम्बन्धी कक्षाको सहजीकरण मुख्य व्यवस्थापक श्री गोकर्ण प्रसाद उपाध्यायले गर्नु भएको थियो ।



*तालिममा कक्षा संचालन गर्दै मुख्य व्यवस्थापक श्री गोकर्ण प्र. उपाध्याय*

तालिमको अन्त्यमा भरतपुर क्षेत्रीय कार्यालय अन्तर्गत आ.व. २०७५/०७६ को लक्ष्य प्रगतीको आधारमा उत्कृष्ट हुन सफल शाखा कार्यालय भरतपुरलाई पुरस्कार प्रदान समेत गरिएको थियो ।



*तालिममा पुरस्कृत भरतपुर शाखाकी शाखाप्रमुख श्री रीता रेग्मी*

Copyright © 2020, Nirdhan Utthan Laghubitta Bittiya Sanstha Limited. All rights reserved. 